आज मिति २०७९ साल आषाढ ०९ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री आशा तामाङ ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रित:</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।

निर्णय नं. १ — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव नं. २ — स्वास्थ्य कर्मचारी सरुवा सम्बन्धमा।

निर्णय नं. २ — प्रस्ताव नं. २ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिका अन्तर्गत देहायको कर्मचारी देहाय बमोजिम हुने गरी सरुवा गरियो।

| कर्मचारीको नाम, थर | कार्यरत रहेको कार्यालय | सरुवा गरिएको कार्यालय |
|---|---|---|
| अ.न.मी (चौंथो) श्री विन्द रेग्मी मगर | थप सामरी स्वास्थ्य चौकी, म्यागङ ६, नुवाकोट | सामरी स्वास्थ्य चौकी, म्यागङ ५, नुवाकोट |
| अ.न.मी (चौंथो) श्री दिपा तामाङ | सामरी स्वास्थ्य चौकी, म्यागङ ५, नुवाकोट | बुङताङ स्वास्थ्य चौकी, म्यागङ २, नुवाकोट |
| अ.न.मी (चौंथो) श्री सुनिता तामाङ | बुङताङ स्वास्थ्य चौकी, म्यागङ २, नुवाकोट | सामरी स्वास्थ्य चौकी, म्यागङ ५, नुवाकोट |
| हे.अ. (पाँचौ) श्री दिनेश के.सी. | बर्सुन्चेत स्वास्थ्य चौकी, म्यागङ १, नुवाकोट | देउराली प्राथमिक स्वास्थ्य केन्द्र, म्यागङ ३, नुवाकोट |

प्रस्ताव नं. ३ — बहु क्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा।

निर्णय नं. ३ - प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिकाको लागि संघीय शर्सत बजेट शीर्षक पोषण संवेदनशील (खानेपानी तथा सरसफाई, कृषि, पशु, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) रु. ४,६०,०००/- प्राप्त भएकोमा आगामी आर्थिक बर्षमा स्वास्थ्य चौकीमा गर्भवती चेकजाँच गर्ने र स्वास्थ्य चौकी मै सुरक्षित सुत्केरी गराउने सङख्या वृद्धि गर्न यस आर्थिक बर्ष २०७८/०७९ मा स्वास्थ्य चौकीमा आई नियमित गर्भवती चेकजाँच गरी सुत्केरी हुने महिलाहरुलाई तपशिल बमोजिम हुने गरी पोषण प्याकेज तयर गरी वितरण गर्ने निर्णय गरियो।

| क्षेत्र | कार्यक्रम | बजेट |
|---|---|---|
| खानेपानी तथा सरसफाई | फिल्टर/बल्टिन वितरण | १,५०,०००/- |
| कृषि | भटमास/चना वितरण | ५०,०००/- |
| पशु | कुखुराको अण्डा वितरण | ९०,०००/- |
| महिला तथा बालिका | हर्लिक्स र घुउं वितरण | १,७०,०००/- |

**प्रस्ताव नं. ४ — रैथाने बाली प्रवर्द्धन सम्बन्धमा।**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा आर्थिक विकास समितिबाट तर्फबाट प्रस्तुत प्रस्ताव बमोजिम बाझो जमिनमा खेती गर्न प्रोत्साहन गर्ने सम्बन्धमा प्राप्त सबै निवेदनहरु स्वीकृत गरी प्रति रोपनी रु. ९००/- रुपैयाँ दिने र साथै ५०% अनुदानमा सामूहिक प्रयोजनको लागि प्राप्त निवेदकहरुलाई तपशिल बमोजिम हुने गरी निर्णय गरियो।

| क्र.सं. | समूह/सहकारीको नाम, ठेगाना | स्वीकृत सङ्ख्या |
|---|---|---|
| १. | बर्चेत कफि समूह, म्यागङ २ | २ |
| २. | अर्थोडक्स कृषक बहुउद्देश्यीय सहकारी सङ्ख्या, म्यागङ २ | २ |
| ३. | श्री देउराली माने भञ्ज्याङ कृषक समूह, म्यागङ ३ | १ |
| ४. | श्री सप्चेत कृषक समूह, म्यागङ ३ | १ |
| ५. | फासाङ नमुना कृषक समूह, म्यागङ ३ | १ |
| ६. | केउरेनी कृषक समूह, म्यागङ ३ | १ |
| ७. | प्लेनप्लेन लालीगुराँस कृषक समूह, म्यागङ ३ | १ |
| ८. | उरकेन्टा सिलिङ गुम्बा आमा कृषक, म्यागङ ३ | १ |
| ९. | बाह्रखाने लैथान कृषक समूह, म्यागङ ३ | १ |
| १०. | किम्ताङ कृषि सहकारी संस्था लि., म्यागङ ४ | १ |
| ११. | छोगाङ कृषक समूह, म्यागङ ४ | १ |
| १२. | डाङचेत प्रगतिशिल कृषक समूह, म्यागङ ४ | २ |
| १३. | श्री गतिशिल बहुउद्देश्यीय, म्यागङ ४ | २ |
| १४. | विन्दुकेशर सहकारी संस्था लि. , म्यागङ ५ | १ |
| १५. | सामरी महिला साना किसान सहकारी संस्था लि. , म्यागङ ५ | ३ |
| १६. | सल्ला डाँडा कृषक समूह, म्यागङ ६ | ७ |

**प्रस्ताव नं. ५ — ठेक्का म्याद थप सम्बन्धमा।**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा चालु आ.व. २०७८/०७९ मा यस म्यागङ गाउँपालिकाबाट आव्हान गरिएको ठेक्का नं. MRM/NCB/2078/79/04, Shora Khola Salle Danda Badahaa Bley Sansarey Khola Sichai योजनाको मेगाङ कन्स्ट्रक्सन एण्ड सप्लयर्स प्रा.लि. ले प्राप्त म्याद आवधी भित्र स्थानीय निर्वाचन तथा मूल्य वृद्धिका कारणले समयमै काम सम्पन्न गर्न नसकिएको भनी निवेदन पेश भएकोमा यही २०७९/०३/२० सम्म काम सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६ — जग्गा मूल्याङ्कन सम्बन्धमा।

निर्णय नं. ६ - प्रस्ताव नं. ६ उपर छलफल गर्दा वडा समितिबाट प्राप्त वडा अन्तर्गतको विविध क्षेत्रको जग्गाको मूल्याङ्कन पेश भई अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ — आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा।

निर्णय नं. ७ - प्रस्ताव नं. ७ उपर छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट मिति २०७९/०३/१० को गाउँ सभामा पेश गर्ने भनी सर्वसम्मतमा निर्णय गरियो।

प्रस्ताव नं. ८ — विदा समायोजन सम्बन्धमा।

निर्णय नं. ८ — प्रस्ताव नं ८ उपर छलफल गर्दा विद्यालयहरुले बर्ष भरीमा पाउने ४५ दिन विदा मध्ये ३० दिन बर्षे विदा दिने र बाँकी १५ दिन पछी आवश्यकता अनुसार विदा दिने गरी विदा समायोजन गर्ने भनी निर्णय गरियो।

प्रस्ताव नं. ९- प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।

निर्णय नं. ९- प्रस्ताव नं. ९ उपर छलफल गर्दा मिति २०७९/०१/०७ गते बसेको स्थानिय निर्देशक समितिको निर्णयहरुलाई स्वीकृत/सादर/अनुमोदन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १० — सर्वसम्मतले पारित सम्बन्धमा।

निर्णय नं. १० - प्रस्ताव नं. १० उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

| | विनियोजन शिर्षकहरु | रकम रु. |
|---|---|---|
| १ | संघीय शसर्त अनुदान (चालु) मा तोकिएका शिर्षकहरुमा | १४७१००००० |
| २ | संघीय शसर्त अनुदान (पुँजीगत) मा तोकिएका शिर्षकहरुमा | १७७०००००० |
| ३ | संघीय विशेष अनुदान (पुँजीगत) मा तोकिएका शिर्षकहरुमा | १४०००००० |
| ४ | प्रदेश शसर्त अनुदान (चालु) मा तोकिएका शिर्षकहरुमा | २२१६४००० |
| ५ | प्रदेश समपूरक अनुदान (पुँजीगत) मा तोकिएका शिर्षकहरुमा | २९७११००० |
| ६ | चालु तर्फ | १२३५१४५०० |
| ७ | पुर्वाधार विकास | १८५८९५०० |
| ८ | धार्मिक/सामाजिक/साँस्कृतिक | ३०००००० |
| ९ | लक्षित वर्ग | २००००० |
| १० | पर्यटन | २५००००० |
| ११ | स्वास्थ्य | २१००००० |
| १२ | शिक्षा (६५ लाख) तथा खेलकुद (५० लाख) | ११५००००० |
| १३ | सूचना प्रविधि | ५००००० |
| १४ | सहकारी | २००००० |
| १५ | खानेपानी तथा सिँचाई | ३०००००० |
| १६ | कृषि तथ पशु | १५००००० |
| १७ | सामरी भञ्याङ क्याम्पस अनुदान | १५००००० |
| १८ | नेपाल रेडक्रस संचार सेवा केन्द्र नुवाकोट | ४००००० |
| | जम्मा | ३९९१७९००० |